# साक्षीको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** कसुरको, अनुसन्धान, तहकिकात र अदालती कारवाहीको सिलसिलामा साक्षीलाई सत्यतथ्य व्यक्त गरी न्याय प्रशासन तथा सम्पादनमा सहयोग पुऱ्याउन प्रोत्साहित गर्न, संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्तिबाट साक्षीका विरूद्ध हुन सक्ने खतरा एवं अनुचित प्रभावबाट सुरक्षा प्रदान गर्न, साक्षी संरक्षणका कार्यक्रम सञ्चालन गर्न तथा साक्षी विरूद्ध हुन सक्ने कसूर नियन्त्रण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा १ बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारिम्भक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "साक्षी संरक्षण ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ ।

(३) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुचित प्रभाव" भन्नाले संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्तिबाट कसुरको अनुसन्धान, तहकिकात वा अदालती कारवाहीको सिलसिलामा साक्षीलाई ललाइ फकाइ वा कुनै प्रलोभन दिइ वा झुक्याइ वा कुनै प्रभावमा पारि सो प्रक्रियामा उपस्थित वा सहभागी हुन नदिने वा उपस्थित वा सहभागी भएपनि मुनासिव कारण बिना कानून कार्यान्वयन निकायमा दिएको जानकारी वा प्रमाण वा वयान भन्दा अदालतमा विपरित बकपत्र गर्न वा प्रमाण दिन लगाउने कार्य वा सत्यतथ्य व्यक्त गर्नबाट पुऱ्याइएको वा पुऱ्याइने अवरोध सम्झनुपर्छ।

(ख) ""अभिभावक"" भन्नाले साक्षीको हेरचाह, रेखदेख वा पालन पोषण गरिरहेको व्यक्ति सम्झनुपर्छ ।

(ग) ""नाबालिग"" भन्नाले अठार वर्ष उमेर नपुगेको व्यक्ति सम्झनुपर्छ ।

(घ) “"कसुर"” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम कम्तीमा तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा स्वतन्त्रताबाट वञ्चित हुने वा प्रचलित नेपाल कानूनले बहिर्क्षेतीय अधिकारको व्यवस्था गरेकोमा कम्तीमा तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा स्वतन्त्रताबाट वञ्चित हुने नेपालको क्षेत्रबाहिर भएको सरकारवादी फौज्दारी कसुर सम्झनु पर्छ;

(ङ) “"कानुन कार्यान्वयन निकाय"” भन्नाले कसुरका सम्बन्धमा प्रचलित कानुन बमोजिम जाहेरी दर्खास्त वा उजुरि लिने वा सोधपुछ , अनुसन्धान वा तहकिकात गर्न अधिकार पाएको प्रहरी, सरकारी वकील, आयोग वा अन्य कुनै निकाय वा अधिकारी सम्झनुपर्छ ।

(च) “संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्ति"”” भन्नाले संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्ति सँग हित सम्बन्ध वा सम्वद्धता गासिएको व्यक्ति, आपराधिक समूह, सञ्जाल वा संगठन सम्झनुपर्छ ।

(छ) “"कार्यक्रम"” भन्नाले दफा ३ बमोजिमको साक्षी संरक्षण कार्यक्रम सम्झनुपर्छ ।

(ज) “"खतरा"” भन्नाले संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्तिबाट साक्षीको बिरूद्ध हुन सक्ने हत्या, अङ्गभङ्ग, गम्भीर चोट वा हिंसा वा साक्षीको जीवन, स्वास्थ्य, शारीरिक अनतिक्रम्यता, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा साम्पतिक अधिकार माथि दिएको वा दिन सक्ने धम्की, डर, त्रास, दवाव, हैरानी वा यातनाजन्य व्यवहार सम्झनुपर्छ ।

(झ) "“मन्त्रालय"” भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "कोष" भन्नाले दफा ५२ बमोजिम स्थापित कोष सम्झनु पर्छ ।

(ट) “"साक्षी"” भन्नाले खतरा वा अनुचित प्रभाव परेको वा पर्न सक्ने विश्वसनीय सम्भावना रहेकोले कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता रहेका देहायको व्यक्ति सम्झनुपर्छ :

(१) भएको, भइरहेको वा हुन लागेको कसुरको सोधपुछ अनुसन्धान वा तहकिकातको सिलसिलामा कानुन कार्यान्वयन निकायमा सो कसुरका

सम्बन्धमा जानकारी वा प्रमाण दिने, दिइरहेको, दिने अपेक्षा गरिएको वा दिन मञ्जुर गरेको व्यक्ति ।

(२) कसुरका सम्बन्धमा अदालतमा प्रारम्भ गरिएको अदालती कारवाहीको सिलसिलामा वादीको तर्फबाट बकपत्र गर्न वा प्रमाण दिने, दिइरहेको वा दिने अपेक्षा गरिएको वा दिन मञ्जुर गरेको व्यक्ति ।

(३) नेपाल सरकार वा नेपाल राज्य वा सरकार पक्ष भएको कुनै सन्धी व सम्झौताको व्यवस्था बमोजिम नेपालबाहिर स्थापित कुनै अदालत, न्यायाधीकरण वा आयोग समक्ष कसुरको अनुसन्धान तहकिकात एवं अदालती कारवाहीका सिलसिलामा बयान वा प्रमाण दिनुपर्ने व्यक्ति ।

(४) कानुन कार्यान्वयन निकायलाई कसुरको सोधपुछ, अनुसन्धान, तहकिकात बा अभियोजनको सिलसिलामा सहयोग पुऱ्याउने व्यक्ति ।

(५) अदालतलाई कसूरको सम्बन्धमा प्रारम्भ गरिएको अदालती कारवाहीको सिलसिलामा सहयोग पुऱ्याउने व्यक्ति ।

(६) साक्षीको नातेदार व्यक्ति ।

(७) विशेषज्ञ ।

(८) साक्षीले पालन पोषण गरी रहेको कुनै व्यक्ति ।

(९) साक्षीको संरक्षक भई बसेको कुनै व्यक्ति ।

(१०) साक्षीसँग आर्थिक, वित्तीय वा व्यापारिक सम्वद्धता भएको व्यक्ति ।

(११) अन्य कुनै कारणबाट कार्यक्रममा समावेश गर्न आवश्यकता भएको व्यक्ति

""बयान"" भन्नाले बकपत्र समेत सम्झनुपर्छ ।

(ठ) ""विशेषज्ञ"" भन्नाले विशेष अध्ययन, अनुसन्धान, तालिम, वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरी कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझका सिलसिलामा प्रचलित नेपाल कानुनबमोजिम तयार भएको लिखतमा कुनै कुरा व्यक्त गर्ने वा सो कुरा व्यक्त गर्ने साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र गर्ने, गरिरहेको वा गर्ने अपेक्षा गरिएको व्यक्ति सम्झनुपर्छ ।

(ड) ""अदालत"" भन्नाले कसुरको कारवाही र किनारा गर्न प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अदालत, न्यायाधीकरण, निकाय वा अधिकारी समेत सम्झनुपर्छ ।

(ढ) ""जानकारी"" भन्नाले कसुरको सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सवुद प्रमाण खुलाइ दिएको जाहेरी दरखास्त वा लिखित वा मौखिक सूचना सम्झनु पर्छ र सो शब्दले कसुरका सम्बन्धमा कानुन कार्यान्वयन निकायमा गरिएको सर्जमीन, कागज वा मुचुल्का समेत जनानेछ।

(ण) ""संरक्षित" व्यक्ति" भन्नाले कार्यक्रममा समावेश गरिएको साक्षी सम्झनुपर्छ ।

(त) ""संरक्षण सम्झौता"" भन्नाले दफा २४ बमोजिम सम्पन्न संरक्षण सम्झौता सम्झनुपर्छ ।

(थ) ""सुरक्षा स्थल"" भन्नाले कारागार बाहेक साक्षीको सुरक्षा वा हितको निमित्त कार्यक्रम अन्तर्गतको सेवा उपलब्ध गराउन नेपाल सरकारले स्थापना गरेको साक्षी सुरक्षा गृह वा उपलब्ध गराएको कुनै स्थान सम्झनुपर्छ ।

(द) ""समिति"" भन्नाले दफा १८ बमोजिम गठित समिति समझ्नुपर्छ ।

(ध) ""तोकिएको वा तोकिएबमोजिम"" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद -२

## साक्षी संरक्षण कार्यक्रम

३. **कार्यक्रम सञ्चालनः** (१) साक्षी बिरूद्धको खतरा एवं अनुचित प्रभावलाई समाप्त वा व्यवस्थापन योग्य वा सहनयोग्य तहमा न्यून गरी साक्षीको सुरक्षा तथा हितको निमित्त नेपाल सरकाले साक्षी संरक्षण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी कार्यक्रम अन्तर्गत देहायको सेवा सञ्चालन गरिनेछ :

(क) सुरक्षित स्थलमा स्थानान्तरण

(ख) सुरक्षित आवासको सुविधाको व्यवस्था

(ग) साक्षीको व्यक्तिगत उपभोगका सामानको सुरक्षित परिवहन र भण्डारण,

(घ) अङ्ग रक्षकको व्यवस्था

(ङ) सुरक्षा बन्दोबस्तीका सामान उपलब्ध गराउने व्यवस्था,

(च) पहिचान परिवर्तन,

(छ) छद्म वा सांकेतिक नामको सुविधा

(ज) उपचार सेवा,

(झ) क्षतिपूर्ति

(ञ) आत्मनिर्भर बनाउने सघाउ पुऱ्याउने सीप एवं व्यवसायमूलक तालीम र शिक्षा,

(ट) चिकित्सकीय, मनोवैज्ञानिक, कानुनी वा सामाजिक परामर्श सेवा,

(ठ) मुनासिव आर्थिक सहयोग,

(ड) तोकिए बमोजिमका अन्य कार्यक्रम वा सेवा ।

४. **कार्यक्रम स्वेच्छिक हुने** : (१) कार्यक्रम स्वेच्छिक हुनेछ र कुनै पनि साक्षीलाई कार्यक्रममा समावेश हुन प्रलोभन दिइने वा वाध्य पारिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नाबालक वा प्रचलित कानुनबमोजिम असक्षम मानिने साक्षीको सुरक्षा वा हितको निमत्त समितिले त्यस्तो व्यक्तिको सहमति बिना पनि यस ऐनको अधिनमा रही कार्यक्रममा समावेश गर्ने निर्णय गर्न सक्नेछ ।

५. **सुरक्षित स्थलमा स्थानान्तरण**ः (१) साक्षीले जानकारी, प्रमाण वा बयान नदिएसम्म समितिले निजलाई निजको बसोबास स्थलबाट सुरक्षित स्थलमा स्थानान्तरण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि साक्षी माथिको खतरा अन्त्य वा व्यवस्थापनयोग्य वा सहनयोग्य तहमा न्यून नभएसम्म समितिले साक्षीलाई सुरक्षित स्थलमा राखिरहन सक्नेछ ।

(३) कार्यक्रम अन्तर्गतका अन्य कुनै सेवा उपलब्ध गराउँदा साक्षीको आवश्यकता पूरा हुने भरपर्दो सम्भावना देखिएमा उपदफा (१) बमोजिमको सेवा समितिले उपलब्ध गराउने छैन ।

(४) समितिले उपदफा (१) बमोजिमको सेवा देहायको अवस्थामा स्थायी रूपमा उपलब्ध गराउन मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछः

(क) निजले स्थायी स्थानान्तरणको निमित्त लिखित निवेदन दिएमा र

(ख) निजको बसोबास स्थलमा फिर्ता पठाउँदा निजको हत्या हुने वा निजमाथि अङ्गभङ्ग हुने गरी हिंसाजन्य आक्रमण हुने पर्याप्त सम्भावना देखिएमा,

(५) उपदफा (४) बमोजिम सिफारिस भएकोमा मन्त्रालयले उपयुक्त देखेमा साक्षीलाई सुरक्षित स्थलमा स्थायी स्थानान्तरण गर्नको निमित्त निर्णय गर्न सक्नेछ ।

(६) समितिको सिफारिसमा मन्त्रालयले नेपाल सरकार वा राज्य पक्ष भएको कुनै सन्धी वा सम्झौताको व्यवस्था बमोजिम साक्षीलाई नेपालबाहिर विदेशी राज्यमा सुरक्षित स्थानान्तरणको निमित्त आवश्यक व्यवस्था गर्न सक्नेछ ।

६. **आवास सुविधाको व्यवस्थाः** (१) समितिले दफा ५ बमोजिम सुरक्षा स्थलमा स्थानान्तरण गरिएको साक्षीलाई आवश्यकता अनुसार सुरक्षित आवासको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ठाउँ मानव बसोबासको दृष्टिकोणले उपयुक्त तथा बाल एवं महिला मैत्री हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रबन्ध गर्दा कारागारभित्र साक्षीलाई राखिने छैन ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसुर गरेको अभियोग लगाइएको वा कसुरमा संलग्न देखिएको वा प्रचलित कानुनबमोजिम कारागारमा पठाउनु पर्ने साक्षीको हकमा सो उपदफाको व्यवस्था लागू हुने छैन ।

(५) आवासीय सुविधाको व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. **सामानको परिवहन र भण्डारणः** (१) दफा ६ बमोजिम आवास सुविधा उपलब्ध गराइएको साक्षीलाई निजको व्यक्तिगत स्वामित्व वा भोगमा रहेको सामानको सुरक्षाको सुरक्षित परिवहन र भण्डारण गर्नु पर्ने भएमा सोको निमित्त समितिले मुनासिब व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुनबमोजिम निषेध गरिएका सामानको परिवहन र भण्डारण गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम परिवहन र भण्डारण गर्दा लागेको वा लाग्ने खर्च बेहोर्न नसक्ने साक्षीको निमित्त समिति स्वयंले खर्चको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम परिवहन र भण्डारण गरिएका सामानको अभिलेख समितिले तयार गरी राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम परिवहन र भण्डारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. **अङ्गरक्षकको व्यवस्था**: (१) साक्षीको सुरक्षाको निमित्त अङ्गरक्षक उपलब्ध गराउनु पर्ने मुनासिब कारण देखिएमा समितिले त्यस्तो साक्षीको निमित्त अङ्गरक्षक उपलब्ध गराउने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने अङ्गरक्षकको संख्या र सो सेवा उपलब्ध हुने अवधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिले तोकेबमोजिम अङ्गरक्षक उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित जिल्ला प्रहरी कार्यालयको हुनेछ ।

(४) अङ्गरक्षक उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सुरक्षा बन्दोबस्तीका सामानको सेवा**: (१) साक्षीको हत्या हुने वा निजमाथि हिंसाजन्य आक्रमण हुने पर्याप्त आधार रहेको अवस्थामा समितिले साक्षीको सुरक्षाको निमित्त सुरक्षा बन्दोबस्तीका सामान उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कदम चाल्दा प्रचलित कानुन बमोजिमको व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

(३) दफा ८ को उपदफा (२) बमोजिम अङ्गरक्षक उपलब्ध गराएको साक्षीलाई सो अवधिभर यस दफा बमोजिमको सेवा उपलब्ध गराइने छैन ।

(४) सुरक्षा बन्दोबस्तीका सामान उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **सीप एवं व्यवसायमूलक तालिम र शिक्षा**: (१) समितिले साक्षीलाई आत्मनिर्भर बनाउन सघाउ पुऱ्याउन आवश्यकता अनुसार शिक्षा एवं सीप र व्यवसायमूलक तालिमको व्यवस्था गर्न सक्नेछ ।

(२) शिक्षा तथा सीप एवं व्यवसायमूलक तालिमसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **परामर्श सेवा**: (१) साक्षीको हितको निमित्त समितिले आवश्यकता अनुसार चिकित्सकीय, मनोवैज्ञानिक, कानुनी, सामाजिक वा अन्य परामर्श सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नेछ ।

(२) परामर्श सेवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **उपचार सेवा**: (१) कार्यक्रममा समावेश भएको अवधिमा साक्षी बिमारी भएको वा निजमाथि चोटपटक वा कुनै रोग लागेको अवस्थामा समितिले साक्षीको निमित्त सरकारि आस्पतालबात औषधी उपचारको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गर्दा लाग्ने वा लागेको खर्च समितिले बेहोर्ने छ ।

(३) उपचार सेवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **मुनासिव आर्थिक सहयोग**: (१) दैनिक जीवन निर्वाहको निमित्त साक्षीको कुनै आयस्रोत नभएको वा कार्यक्रममा सामवेश भएको कारणले त्यस्तो आयस्रोतबाट वञ्चित हुनुपर्ने देखिएमा समितिले पटक पटक गरी बढीमा एक वर्षसम्मको निमित्त मन्त्रालयले तोके बमोजिमको मुनासिव आर्थिक सहायता उपलब्ध गराउनेछ ।

(२) मुनासिव आर्थिक सहयोगसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१४. **दैनिक तथा भ्रमण भत्ता**: (१) कसुरको, अनुसन्धान, तहकिकात र अदालती कारवाहीको सिलसिलामा कानुन कार्यान्वयन निकाय र अदालतमा उपस्थित हुँदा र उपस्थित भई फर्कदा लाग्ने यातायात र खाना खर्च बापत राजपत्र अनङ्कित प्रथम श्रेणीको निजामती सेवाको कर्मचारीले पाउने बराबरको दैनिक तथा भ्रमण भत्ता समितिले उपलब्ध गराउनेछ ।

(२) दैनिक तथा भ्रमण भत्तासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **क्षतिपूर्ति**: (१) कार्यक्रममा सामवेश भएको वा समावेश गर्न कार्वाही वा बिचार भइरहेको वा कसुरको, अनुसन्धान, तहकिकात वा अदालती कारवाहीको क्रममा जानकारी, प्रमाण वा बयान दिइरहेको, दिन जान लागेको वा दिइ सकेको साक्षीलाई सो आधारले संकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्तिले हत्या गरेको ठहरेमा समितिले साक्षीको परिवारलाई प्रति साक्षी तिन लाख रुपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) को अवस्थामा साक्षीको अङ्गभङ्ग भएमा समितिको सिफारिसमा मन्त्रालयले मुनासिव मुनासिव क्षतिपूर्ति दिनेछ ।

(३) उपदफा (१) को अवस्थामा साक्षीको राजनीतिक, आर्थिक, सामाजिक वा सास्कृतिक स्वतन्त्रता वा साम्पतिक अधिकारमाथि गम्भीर आघात पुऱ्याएमा समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो साक्षीलाई मुनासिव क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा(१), (२) र (३) मा लेखिएको कुनै कुराले त्यस्तो पीडित साक्षी वा निजको परिवारलाई कसुरदारले क्षतिपूर्ति दिनुपर्ने दायित्वबाट उन्मुक्ति प्राप्त गरेको मानिने छैन ।

(५) उपदफा (१), (२) र (३) को अवस्थामा सम्बन्धित अदालतले कानुन बमोजिम त्यस्तो पीडित साक्षी वा निजको परिवारलाई कसुरदारबाट मुनासिव क्षतिपूर्ति भराउने आदेश गर्नेछ ।

(६) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुनासिव कारणबिना त्यस्तो पीडित साक्षी कानुन कार्यान्वयन निकाय र अदालतमा उपस्थित नभएमा वा उपस्थित भएर पनि कसुरको सोधपुछ, अनुसन्धान, तहकिकात वा अदालती कारवाहीमा जानाजान झुटो जानकारी, प्रमाण र बयान दिएमा वा मुनासिव कारण बिना कानून कार्यान्वयन निकायमा दिएको जानकारी वा प्रमाण वा वयान भन्दा अदालतमा विपरित बयान वा प्रमाण दिएमा वा निजले झुटो बकेकोमा अदालतबाट सजाय पाएमा उपदफा (२) र (३) बमोजिम क्षतिपूर्ति पाउने छैन र पाएको भए समितिले तोकेको म्यादभित्र समिति समक्ष फिर्ता गर्नु पर्नेछ ।

१७. **<u>अन्तरिम संरक्षण सेवा</u>:** (१) देहायको अवस्थामा समितिले साक्षीको सुरक्षाको निमित्त अन्तरिम संरक्षण सेवा उपलब्ध गराउने निर्णय गर्न सक्नेछः

(क) अन्तरिम संरक्षण सेवाको निमित्त साक्षीले निवेदन दिएमा,

तर नाबालक वा कानुनबमोजिम असक्षम मानिने साक्षीको हकमा दफा २३ को उपदफा (२) बमोजिम हुनेछ ।

(ख) समितिले कुनै साक्षीलाई कार्यक्रममा समावेश गर्ने नगर्ने सम्बन्धमा निर्णय गरी नसकेको, र

(ग) साक्षीलाई तत्काल अन्तरिम सुरक्षा उपलब्ध नगराएमा साक्षीको जीवन जोखिममा पर्न सक्ने वा कसुरको अनुसन्धान, तहकिकात वा अदालती कारवाहीको सिलसिलामा गम्भीर असर परि सार्वजनिक हितमा आघात पार्न सक्ने सम्भावना देखिएकोमा समितिले तत्काल अन्तरिम सुरक्षा सेवा उपलब्ध गराउन मनासिव देखेमा ।

(२) उपदफा (१) बमोजिमको अन्तरिम संरक्षण सेवा उपलब्ध गराउनु अघि दफा २४ बमोजिमको सुरक्षा सम्झौतामा हस्ताक्षर गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अन्तरिम संरक्षण सेवा सम्झौता भएको मितिले बढीमा पैंतीस दिनसम्म उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (५) बमोजिमको अवधिभित्र समितिले साक्षीलाई कार्यक्रममा समावेश गर्ने नगर्ने सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(५) समितिले साक्षीलाई कार्यक्रममा समावेश गर्ने निर्णय गरेमा दफा २४ बमोजिमको सुरक्षा सम्झौता गर्नुपर्नेछ ।

(६) समितिले साक्षीलाई कार्यक्रममा समावेश नगर्ने निर्णय गरेमा उपदफा (१) बमोजिमको अन्तरिम सुरक्षा संरक्षण समाप्त भएको मानिनेछ र सोको सूचना यथाशीघ्र साक्षीलाई दिनु पर्नेछ ।

१८. **<u>समितिको गठन</u>**: (१) दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको साक्षी संरक्षण समिति रहनेछः

(क) जिल्ला प्रहरी कार्यालयको प्रमुख - अध्यक्ष

(ख) जिल्ला सरकारी वकील - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना अधिकृत - सदस्य

(२) यस ऐनको अधीनमा रही समितिले साक्षीलाई कार्यक्रममा समावेश गर्ने वा नगर्ने र समावेश गरेमा उपलब्ध गराउने सेवा सम्बन्धमा निर्णय गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको कार्यालय जिल्ला प्रहरी कार्यालयमा रहनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिलाई आवश्यक पर्ने अन्य कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(५) समितिमा बहुमतको निर्णय मान्य हुनेछ ।

(६) समितिको कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -३

## कार्यक्रममा समावेश गर्ने प्रकृया

१९. **कार्यक्रममा समावेश गर्न निवेदन दिनु पर्ने**: (१) कार्यक्रममा समावेश हुनको निमित्त साक्षीले दफा २० बमोजिमका कुराहरू खुलाइ समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै साक्षीले उपदफा (१) बमोजिम निवेदन दिन नसक्ने मुनासिव कारण भएमा कानुन कार्यान्वयन निकायले साक्षीको लिखित सहमतिमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नाबालक वा सहमति दिन प्रचलित कानुबमोजिम असक्षम मानिने साक्षीको हकमा निजको सहमति लिनु पर्ने छैन ।

(४) नाबालक वा सहमति दिन प्रचलित कानुनबमोजिम असक्षम मानिने साक्षीको हकमा निजको अभिभावक वा अभिभावक नभएमा निजलाई पालनपोषण गरिरहेको संरक्षकले उपदफा (१) बमोजिमको निवेदन दिन सक्नेछ ।

२०. **निवेदनमा खुलाउनु पर्ने कुरा**: दफा १९ बमोजिमको निवदनमा देहाय बमोजिमका कुराहरू खुलाउनु पर्नेछ :

(क) कुनै फौज्दारी अभियोगमा सजाय पाए नपाएको र पाएको भए के कस्तो अभियोगमा कहिले कुन अदालतबाट सजाय भएको हो ।

(ख) साक्षीका बिरूद्ध सरकारवादी देवानी मुद्दा चले नचलेको र चलेको भए सो सम्बन्धी विवरण ।

(ग) साक्षीको चल अचल सम्पत्ति सम्बन्धी विवरण ।

(घ) साक्षीको शारीरिक एवं मानसिक अवस्थाको विवरण ।

(ङ) साक्षीको पद, पेशा, व्यवसाय वा कारोवारको विवरण ।

(च) कसुरका सम्बन्धमा साक्षीको कानुनी दायित्व ।

(छ) साक्षीले तिर्नुपर्ने बाँकी ऋण, कर, सेवा, शुल्क आदिको बिवरण ।

(ज) साक्षीका बिरूद्ध दामासाही सम्बन्धी कारवाही चले नचलेको र चलेको भए सो सम्बन्धी विवरण ।

(झ) साक्षीको कुनै चल अचल सम्पत्ति जफत हुने गरी अदालतबाट कुनै निर्णय भएको भए तत्सम्बन्धी विवरण ।

(ञ) यस अघि साक्षी कार्यक्रममा समावेश भए नभएको र भएको भए तत्सम्बन्धी विवरण ।

(ट) तोकिए बमोजिमका अन्य विवरण ।

२१. **साक्षीलाई कार्यक्रममा समावेश गर्न बिचार पुऱ्याउनु पर्ने कुराः** दफा १९ बमोजिमको निवेदन परेपछि समितिले साक्षीलाई कार्यक्रममा समावेश गर्ने नगर्ने निर्णय गर्नु अघि देहायको कुराहरू बिचार गर्नेछ ।

(क) साक्षी बिरूद्धको खतरा एवं अनुचित प्रभावको प्रकृति र हद ।

(ख) साक्षीलाई कार्यक्रममा समावेश गर्दा समुदायको सुरक्षामाथि पर्न सक्ने जोखिम ।

(ग) साक्षीलाई कार्यक्रममा समावेश गर्दा सार्वजनिक हितमाथि पर्न सक्ने प्रतिकूल प्रभाव ।

(घ) साक्षी संलग्न रहेको वा रहने सोधपुछ, अनुसन्धान वा तहकिकातको प्रकृति र सो प्रक्रियामा साक्षीको सहभागीताको महत्त्व ।

(ङ) कसुरको गम्भीरता ।

(च) साक्षीको फौज्दारी अभिलेख ।

(छ) साक्षीलाई कार्यक्रममा समावेश गर्न उपयुक्त भए नभएको सम्बन्धमा निक्यौंल गर्न गरिएको साक्षीको चिकित्सकीय मनोवैज्ञानिक एवं मनोचिकित्सकीय परीक्षणको नतिजा ।

(ज) साक्षीले दिने वा दिएको वा दिन मञ्जुर गरेको जानकारी वा प्रमाणको प्रकृति महत्त्व, मूल्य ।

(झ) साक्षीलाई कार्यक्रममा समावेश गर्न लाग्ने खर्च ।

(ञ) साक्षीको उमेर, व्यक्तिगत चरित्र र पारिवारिक अवस्थाको समग्र विश्लेषण गर्दा निजलाई कार्यक्रममा समावेश गरिएमा निजले कार्यक्रम अनुकूल व्यवहार गर्न सक्ने सम्भावना रहे नरहेको ।

(ट) साक्षीलाई आवश्यक पर्ने सेवाको प्रकृति र समय सीमा ।

(ठ) कार्यक्रममा समावेश गर्न बिचार भइरहेको वा अन्य कुनै संरक्षित व्यक्तिसँग रहेको साक्षीको सम्बन्धको प्रकृति ।

(ड) कार्यक्रममा समावेश नगरी अन्य कुनै विकल्पबाट साक्षीको सुरक्षा वा हित गर्न सकिने अवस्था विद्यमान भए नभएको

(ढ) अदालत वा कुनै कार्यान्वयन निकायलाई साक्षीले गर्न सक्ने वा गर्न मञ्जुर गरिने सहयोगको प्रकृति र हद ।

(ण) समितिले आवश्यक देखेको अन्य मुनासिव कुराहरू ।

२२. **<u>कार्यक्रममा समावेश गर्न नहुने</u>:** देहायको अवस्थामा समितिले कुनै साक्षीलाई कार्यक्रममा समावेश गर्ने छैन

(क) कार्यक्रममा समावेश हुन साक्षीले लिखित मञ्जुरी नगरेमा,

(ख) कार्यक्रममा समावेश गर्न उपयुक्त हुने वा नहुने भन्ने सम्बन्धमा निर्णय गर्नको निमित्त समितिलाई आवश्यक विवरण प्राप्त नभएको लागेमा,

(ग) दफा २४ बमोजिमको संरक्षण सम्झौतामा हस्ताक्षर नगरेमा,

(घ) साक्षीले कुनै जानकारी, वयान वा प्रमाण दिएको कारणले पुरस्कार स्वरूप,

(ङ) साक्षीलाई कार्यक्रममा समावेश गर्दा समुदायको सुरक्षा वा सार्वजनिक हित माथि प्रतिकूल प्रभाव पर्ने भएमा,

(च) प्रचलित कानुनबमोजिम शान्ति एवं व्यवस्था कायम गरेर साक्षीको हित संरक्षण हुने अवस्था देखिएमा,

(छ) अन्य कुनै मुनासिव कारणबाट साक्षीलाई कार्यक्रममा समावेश गर्न उपयुक्त नदेखिएमा ।

२३. **<u>नाबालिगलाई कार्यक्रममा समावेश नगरिने</u>:** (१) नाबालिगको अभिभावक वा संरक्षकको सहमति बिना नाबालिगलाई कार्यक्रममा समावेश गरिने छैन ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा नाबालिग वा सहमति दिन प्रचलित कानुनबमोजिम असक्षम व्यक्तिको अभिभावक वा संरक्षकको सहमति बिना नाबालिगलाई कार्यक्रममा समावेश गर्न सकिनेछ :

(क) नाबालिग बिरूद्ध निजको अभिभावक वा संरक्षकले कुनै कसुर गरेमा साक्षीको रूपमा नाबालिगले कार्यक्रममा समावेश गरी पाउँ भनी

निवेदन दिएमा वा निवेदन नदिएपनि समावेश गर्नु पर्ने जरुरी देखिएमा,

(ख) निजको अभिभावक वा संरक्षक नभएमा,

(ग) निजको अभिभावक वा संरक्षकको पहिचान नभएमा वा पत्ता नलागेमा,

(घ) निजको अभिभावक वा संरक्षकले मञ्जुरी दिन कुनै मुनासिब कारण बिना अस्वीकार गरेमा वा सहमति दिन असक्षम रहेमा ।

(ङ) समितिले देखेको अन्य कुनै उपयुक्त अवस्थामा ।

## परिच्छेद -४
## संरक्षण सम्झौता सम्बन्धी व्यवस्था

२४. **संरक्षण सम्झौता:** (१) समितिले साक्षीलाई कार्यक्रममा समावेश गर्न उपयुक्त हुने निर्णय गरेमा संरक्षण सम्झौता तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा समितिले तोकेको अधिकारी समक्ष साक्षीले हस्ताक्षर गर्नेछ ।

(३) उपदफा (२) बमोजिम साक्षीले हस्ताक्षर गरेपछि समितिको तर्फबाट समितिले तोकेको कुनै कर्मचारीले हस्ताक्षर गर्नेछ ।

(४) उपदफा (३) बमोजिम हस्ताक्षर भएपछि कार्यक्रममा साक्षी समावेश भएको मानिनेछ ।

(५) उपदफा (१) बमोजिमको सम्झौता एक प्रति मात्र तयार हुनेछ र सो प्रति समितिमा रहनेछ ।

(६) उपदफा (१) बमोजिमको सम्झौताका अन्तवस्तु र शर्तहरू संरक्षित व्यक्तिको जानकारीको निमित्त समितिले छुट्टै कागजमा लिखित रूपमा उल्लेख गरी उपलब्ध गराउने छ ।

(७) एकै कसुरका सम्बन्धमा रहेका संरक्षित व्यक्तिका हकमा प्रत्येक व्यक्तिसँग छुट्टा छुट्टै सम्झौता गर्नु पर्नेछ ।

२५. **संरक्षण सम्झौतामा खुलाउनु पर्ने कुराः** दफा २४ बमोजिमको सम्झौतामा देहायका कुरा खोलिएको हुनु पर्नेछः

(क) कार्यक्रममा साक्षीलाई समावेश गर्नु पर्नाको आधार,

(ख) साक्षीलाई उपलब्ध हुने कार्यक्रम अन्तर्गतको सेवा,

(ग) दफा १९ बमोजिम साक्षीले दिएको निवेदनमा उल्लेखित विवरणहरू साँचो हुन् र झुटा ठहरेमा सम्झौता समाप्त भएको मानिने व्यहोरा,

(घ) साक्षीलाई कहिलेसम्म कार्यक्रममा समावेश गरिने हो सोको समय सीमा,

(ङ) संरक्षित व्यक्तिले पालन गर्नुपर्ने दायित्वहरू र दायित्व पालना गर्ने तरिका,

(च) संरक्षित व्यक्तिले गर्न हुने र गर्न नहुने कार्यहरू,

(छ) सम्झौताको अवधि समाप्त भएमा वा संरक्षित व्यक्तिको मृत्यु भएमा सम्बन्धित सम्झौता स्वतः समाप्त हुने व्यवस्था ।

(ज) साक्षीले पालन गर्नुपर्ने देहाय बमोजिमको शर्तहरूः

(१) प्रचलित नेपाल कानुन विपरीत कुनै कार्य नगर्ने,

(२) कसुरका सम्बन्धमा जानाजान वा लापरवाहीपूर्वक झुटा जानकारी, प्रमाण वा बयान नदिने प्रतिज्ञा,

(३) कसुरको सोधपुछ, अनुसन्धान, तहकिकात वा अदालती कारवाहीको सिलसिलामा जानकारी, प्रमाण, बयान गर्ने प्रतिज्ञा,

(४) कार्यक्रमको उद्देश्य, सुरक्षा, अखण्डता वा विश्वसनीयता विपरीत हुने गरी वा कार्यक्रमलाई अवमूल्यन गरी प्रत्यक्ष वा परोक्षरूपमा कुनै कार्य नगर्ने,

(५) आफ्नो वा अन्य कुनै संरक्षित व्यक्तिको सुरक्षा वा हित प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

(६) समिति वा समितिले तोकेको कुनै कर्मचारीबाट दिइएको मुनासिव आदेश वा निर्देशनको पालना गर्ने,

(७) समितिले आवश्यक देखेका बखत चिकित्सकीय, मनोवैज्ञानिक वा मनोचिकित्सकीय परीक्षण गर्न सहमत भई परीक्षणको नतिजा समितिलाई उपलब्ध गराउने,

(८) साक्षीका पहिचान खुल्ने नागरिकता, राहदानि वा अन्य कुनै विवरण उल्लेखित कागजातहरू समितिले मागेका बखत समितिलाई उपलब्ध गराउने,

(९) साक्षीको फोटो, हस्ताक्षर वा ल्याप्चेको अभिलेख राख्ने मञ्जुरी,

(१०) साक्षीको रगत परीक्षण वा डिएन ए परीक्षण गराउन मञ्जुरी,

(११) विद्युतीय उपकरणको माध्यमबाट संरक्षित व्यक्तिको बसोबास स्थल र दैनिक गतिविधि निगरानी र अभिलेख राख्नको निमित्त समितिलाई दिनुपर्ने मञ्जुरी,

(१२) प्रचलित कानुन बमोजिमका दायित्वहरू पूरा गर्ने मञ्जुरी,

(१३) साक्षीले सम्झौताको उल्लङ्घन गरेमा बेहोर्नु पर्ने परिणाम,

(१४) कार्यक्रममा समावेश भएकोमा स्वाभाविक रूपमा संरक्षित व्यक्तिका कतिपय स्वतन्त्रताहरूको उपभोग गर्नमा अवरोध आउने अवस्थाप्रतिको मञ्जुरी ।

(१५) तोकिए बमोजिमका अन्य शर्तहरू ।

२६. **<u>संरक्षण सम्झौतामा फेरबदल</u>**: (१) समिति र संरक्षित व्यक्तिको सहमतिमा दफा २४ बमोजिमको संरक्षण सम्झौतामा फेरबदल हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले देहायको अवस्थामा एकतर्फ फेरबदल गर्न सक्नेछः

(क) संरक्षण सम्झौता गर्दाको परिस्थितिमा परिवर्तन आइ संरक्षण सम्झौतामा फेरबदल गर्नुपर्ने भएमा, र

(ख) संरक्षण सम्झौतामा फेरबदल गर्न संरक्षित व्यक्तिले नमानेमा ।

(३) उपदफा (२) बमोजिम सम्झौतामा फेरबदल गर्नु अघि समितिले प्रस्तावित फेरबदल एवं सोको कारण सहितको सूचना संरक्षित व्यक्तिलाई दिनेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना दिंदा प्रस्तावित फेरबदल उपर संरक्षित व्यक्तिको प्रतिक्रियाको निम्ति समितिले मुनासिव समय प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम संरक्षित व्यक्तिले कुनै प्रतिक्रिया दिएमा प्राप्त प्रतिक्रियालाई बिचार गरी समितिले संरक्षण सम्झौतामा फेरबदल गर्न सक्नेछ र सो को सूचना संरक्षित व्यक्तिलाई यथाशीघ्र दिनेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको सूचना संरक्षित व्यक्तिले प्राप्त गरेपछि सम्झौतामा भएको फेरबदल लागू हुनेछ ।

(७) उपदफा (१) र (२) बमोजिम सुरक्षा सम्झौतामा फेरबदल गर्दा दफा २५ को खण्ड (ज) बमोजिम कुराहरूको प्रतिकूल हुने गरी फेरबदल गरिने छैन ।

२७. **संरक्षण सम्झौताको निलम्वन:** (१) संरक्षित व्यक्तिले गरेको वा गर्न लागेको कुनै कार्यबाट निज वा अन्य कुनै संरक्षित व्यक्तिको सुरक्षा र हित माथि प्रतिकूल असर पर्न सक्ने वा प्रभावकारी रूपले निजको सुरक्षा र हित गर्न नसकिने भन्ने कुरामा समिति संतुष्ट भएमा समितिले मुनासिव समयसम्मको लागि संरक्षण सम्झौता निलम्वन गर्न निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षण सु सम्झौता निलम्वन गर्ने निर्णय गरेमा त्यसको सूचना यथाशीघ्र संरक्षित व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संरक्षित व्यक्तिले सूचना प्राप्त गरेपछि संरक्षण सम्झौता निलम्वन भएको मानिने छ ।

२८. **संरक्षण सम्झौताको समाप्ति:** (१) समितिले देहायको अवस्थामा संरक्षण सम्झौता समाप्त गर्न सक्नेछ ।

(क) संरक्षित व्यक्तिको लिखित अनुरोध, भएमा

(ख) समितिको बिचारमा संरक्षित व्यक्तिले गरेको वा गर्न लागेको कार्यबाट कार्यक्रमको सुरक्षा, अखण्डता वा विश्वसनियता माथि गम्भीर असर पुग्ने सम्भावना भएमा,

(ग) संरक्षित व्यक्तिले जानाजान संरक्षण सम्झौताका शर्तहरू उल्लङ्घन गरेमा,

(घ) संरक्षित व्यक्तिले जानाजान संरक्षण सम्झौतामा उल्लेखित कानुनी दायित्वहरू परिपालना नगरेमा,

(ङ) संरक्षण सम्झौता गर्दाको परिस्थितमा परिवर्तन भई संरक्षित व्यक्तिलाई कार्यक्रममा राखिरहनु पर्ने आवश्यकता नरहेमा,

(च) संरक्षित व्यक्तिले कम्तीमा तीन महिना वा सोभन्दा बढी कैद सजाय हुने कसुर गारेमा,

(छ) समितिको बिचारमा संरक्षित व्यक्तिलाई कार्यक्रममा राखिरहँदा समुदाय वा सार्वजनिक हित विरूद्ध हुने भएमा,

(ज) संरक्षित व्यक्तिले कानुन कार्यान्वयन निकाय वा अदालतमा जानकारी, प्रमाण वा प्रमाण दिन अस्वीकार गरेमा वा मुनासिव कारण बिना कानून कार्यान्वयन निकायमा दिएको जानकारी वा प्रमाण वा वयान भन्दा अदालतमा विपरित बयान वा प्रमाण दिएमा ।

(झ) अन्य कुनै मुनासिव कारणले संरक्षित व्यक्तिलाई कार्यक्रममा राखि रहनु नपर्ने भएमा,

(२) उपदफा (१) बमोजिम समितिले सुरक्षा सम्झौता समाप्त गर्नु अघि कुन कारणले कहिलेदेखि संरक्षण सम्झौता समाप्त गर्न लागेको हो, सो सम्बन्धमा संरक्षित व्यक्तिलाई प्रतिरक्षा गर्न मुनासिव समय दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको समयमा संरक्षित व्यक्तिले दिएको प्रतिक्रिया समेतलाई बिचार गरी समितिले संरक्षण सम्झौता समाप्त गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संरक्षण सम्झौता समाप्त गर्ने निर्णय गरेमा त्यसको जानकारी संरक्षित व्यक्तिलाई यथाशीघ्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको जानकारी पाएको मितिले संरक्षण सम्झौता समाप्त भएको मानिनेछ ।

## परिच्छेद — ५

## पहिचानको गोप्यता र नयाँ पहिचान

२९. **पहिचानको गोप्यता**ः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि साक्षीलाई कसूरको अनुसन्धान, तहकिकात अभियोजन वा अदालती कारवाहीको सिलसिलामा सोधपुछ गर्दा वा बुझ्दा देहायबमोजिम गर्नु पर्नेछः

(क) साक्षीलाई आफ्नो अनुहार वा जीउ वा दुवै कुनै वस्तुले ढाक्न वा मखुण्डो लगाउन दिएर,

(ख) वास्तविक स्वर बदल्न दिएर,

(ग) अभियोग लागेको व्यक्तिले देख्न सुन्न नपाउने गरी श्रव्यदृष्य सम्वाद मार्फत,

(घ) अभियोग लागेको व्यक्तिले देख्न सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने गरी पर्दा लगाएर ।

३०. **छद्म वा साङ्केतिक नाम खुलाउने**: (१) कसुर सम्बन्धि मुद्दाको अनुसन्धान, तहकिकात, अभियोजन वा अदालती कारवाहीका सिलसिलामा साक्षीको पहिचान खुलाउँदा वास्तविक पहिचान नखुलाइ साङ्केतिक नाम दिनु पर्नेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएतापनि दफा १८ बमोजिम नयाँ पहिचानसम्बन्धी प्रमाणपत्र पाएको साक्षीको हकमा साङ्केतिक नाम खुलाउन आवश्यक हुने छैन।

(३) उपदफा (१) बमोजिम साङ्केतिक नाम दिंदा साक्षीको वास्तविक पहिचान खोली छुट्टै फाइल खडा गरी सिलवन्दी गरी राख्नु पर्नेछ ।

(४) साङ्केतिक नाम खुलाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **अदालत समक्ष लिखित निबेदन गर्न सक्ने**: (१) समितिले उपयुक्त देखेमा कुनै साक्षीका सम्बन्धमा देहायको कार्यको निमित्त जिल्ला अदालत समक्ष लिखित निबेदन गर्न सक्नेछः

(क) जन्मदर्तासम्बन्धी अभिलेखमा नयाँ विवरण उल्लेख गर्न,

(ख) विवाह दर्तासम्बन्धी अभिलेखमा नयाँ विवरण उल्लेख गर्न,

(ग) मृत्युदर्ता र नाता कायमसम्बन्धी अभिलेखमा नयाँ विवरण उल्लेख गर्न,

(घ) संरक्षित व्यक्तिको पूर्व पहिचानको पुनर्स्थापना गर्न ।

(२) यस दफा अन्तर्गत गरिने सम्पूर्ण अदालती कारवाई बन्द इजलासमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम आवदेन गर्दा समितिले अदालतलाई निर्णय गर्नको निमित्त आबस्यक प्रमाण पेश गर्नेछ ।

(४) जिल्ला अदालतले देहायको अवस्थामा नयाँ पहिचानसम्बन्धी प्रमाणपत्र जारी गर्नको निमित्त अनुमति दिन सक्नेछ :

(क) निज संरक्षित व्यक्ति भएमा,

(ख) संरक्षित व्यक्तिले सुरक्षा सम्झौता बमोजिम कार्य गर्ने कुरामा अदालत, विश्वस्त रहेमा,

(ग) नयाँ पहिचानको अनुमति नदिंदा निजमाथि गम्भीर खतरा उत्पन्न हुने पर्याप्त आधार रहेमा,

(घ) नयाँ पहिचानको अनुमति दिंदा सार्वजनिक हित प्रतिकूल नहुने भएमा, र

(ङ) प्रचलित कानुनबमोजिम तिर्नुपर्ने ऋण, कर, शुल्क, क्षतिपूर्ति र अन्य कुनै रकम एवं करारबमोजिम पूरा वा पालन गर्नुपर्ने दायित्व भुक्तान गरिसकेको भनी निजले लिखित रूपमा स्वीकार गरेमा ।

३२. **अप्रकट प्रमाणपत्र (नन डिस्क्लोजर सर्टिफिकेट) जारी गरिने**: (१) दफा ३१ को उपदफा (४) बमोजिम नयाँ पहिचानको निमित्त अनुमति पाएको व्यक्तिलाई यस ऐन वा अन्य कुनै कानुन बमोजिम कुनै अदालत वा कानुन कार्यान्वयन निकायमा कुनै प्रमाण वा बयान दिनु पर्ने भएमा सो कुराको जानकारी त्यस्तो व्यक्तिले यथाशीघ्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिएकोमा समितिले त्यस्तो व्यक्तिलाई अप्रकट प्रमाणपत्र जारी गरी दिनेछ ।

(३) समितिले आवश्यक देखेमा उपदफा (२) बमोजिम अप्रकट प्रमाणपत्र जारी भएको व्यहोरा सम्बन्धित कारवाहीका पक्षहरूलाई सूचना दिनेछ ।

(४) उपदफा (२) बमोजिम जारी हुने अप्रकट प्रमाणपत्रमा देहायका कुराहरू खुलाउन पर्नेछ :

(क) सम्बन्धित व्यक्तिलाई कार्यक्रममा समावेश गरिएको,

(ख) सम्बन्धित व्यक्तिलाई नयाँ पहिचान दिइएको ।

(५) उपदफा (२) बमोजिम जारी हुने अप्रकट प्रमाणपत्रमा सम्बन्धित व्यक्तिको पूर्व पहिचान खुल्ने कुनै पनि कुरा उल्लेख गरिने छैन ।

३३. **अप्रकट प्रमाणपत्रको परिणाम**: (१) अप्रकट प्रमाणपत्र पाएको व्यक्तिलाई निजको पूर्व पहिचान र पूर्व तथा हालको बसोबासको सम्बन्धमा अदालत वा कानुन कार्यान्वयन निकायमा कुनै प्रश्न सोधिने छैन ।

(२) अदालत वा कानुन कार्यान्वन निकाय चलेको कुनै कारवाहीका सिलसिलामा अप्रकट प्रमाणपत्र पाएको व्यक्तिले कुनै प्रमाण वा बयान दिंदा आफ्नो पूर्व पहिचान वा पूर्व

वा हालको बसोबासका सम्बन्धमा कुनै कुरा खुल्ने रहेछ भने त्यस्तो बयान वा प्रमाण दिन बाध्य हुने छैन ।

३४. **अनुमति दिन सकिने:** (१) दफा ३३ मा जुनसुकै लेखिएको भएतापनि देहायको अवस्थामा सम्बन्धित अदालत वा कानुन कार्यान्वयन निकायले कारवाहीको कुनै पक्षलाई अप्रकट प्रमाणपत्र पाएको व्यक्तिलाई निजको साबिकको पहिचान वा साबिकको वा हालको बसोबासका सम्बन्धमा कुनै प्रश्न सोधन अनुमति दिन सक्नेछ :

(क) साक्षीको विश्वसनीयता सम्बन्धमा विवाद उठेको,

(ख) न्यायको निमित्त सम्बन्धित पक्षलाई त्यस्तो साक्षीको विश्वसनीयता सम्बन्धमा परीक्षण गर्न दिनु पर्ने मुनासिव कारण देखिएको, र

(ग) त्यस्तो साक्षीको वास्तविक पहिचान वा बसोबासका सम्बन्धमा जानकारी प्राप्त नहुँदा निजको विश्वसनीयता माथि परीक्षण गर्न असम्भव देखिएको ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएकोमा,

(क) सम्बन्धित पक्षले त्यस्तो साक्षीको साबिकको पहिचान वा साबिकको वा हालको बसोबास सम्बन्धमा प्रश्न सोधन सक्नेछ ।

(ख) त्यस्तो साक्षीले आफ्नो साबिकको पहिचान वा साबिकको वा हालको बसोबासका सम्बन्धमा कुनै जवाफ, प्रमाण वा बयान दिन सक्नेछ ।

३५. **नयाँ पहिचानको प्रमाणपत्र दिनु पर्ने:** दफा ३१ बमोजिम नयाँ पहिचानको निमित्त जिल्ला अदालतबाट अनुमति पाएको व्यक्तिलाई अनुमतिको आदेश प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित निकाय वा पदाधिकारीले अदालतको अनुमति बमोजिम नयाँ पहिचानको प्रमाणपत्र दिनेछ ।

३६. **प्रतिकूल प्रभाव परेको नमानिने:** यस ऐन बमोजिम नयाँ पहिचानको निमित्त अनुमति पाई नयाँ पहिचानसम्बन्धी प्रमाणपत्र पाएको व्यक्तिको कानुनी हैसियत, अधिकार र दायित्वमाथि प्रतिकूल प्रभाव परेको मानिने छैन ।

३७. **नयाँ पहिचानको निमित्त अनुमति पाएको व्यक्तिको दायित्व:** (१) नयाँ पहिचानको निमित्त अनुमति पाएको व्यक्तिले कानुन बमोजिमको आफ्नो दायित्व पूरा गर्नबाट उन्मुक्ति पाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको दायित्व पूरा गर्न नयाँ पहिचानको निमित्त अनुमति पाएको व्यक्तिले कानुन बमोजिमको प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

३८. **पुरानो पहिचानको पुनर्स्थापना**: (१) जिल्ला अदालतले देहायको अवस्थामा संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्तिको पुरानो पहिचान पुनर्स्थापनाको निम्ति आदेश गर्न सक्नेछ,

(क) निजमाथिको खतरा समाप्त भएमा वा अत्यन्त न्यून भएमा,

(ख) निजको सुरक्षाको निमित्त भरपर्दो वैकल्पिक उपाय विद्यमान रहेमा,

(ग) सुरक्षा सम्झौता वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निजले पालन गर्नुपर्ने दायित्व जानाजान वा लापरवाहिपूर्वक पालन नगरेमा,

(घ) सुरक्षा सम्झौतामा हस्ताक्षर गर्न इन्कार गरेमा,

(ङ) निजले गरेको वा गर्न लागेको कार्यबाट अन्य कुनै संरक्षित व्यक्ति वा कार्यक्रमको सुरक्षा वा विश्वसनीयता वा अखण्डता माथि प्रतिकूल असर पर्ने भएमा,

(च) अन्य कुनै मनासिव कारणले निजको नयाँ पहिचान कायम राख्नु उपयुक्त नदेखिएमा,

(२) उपदफा (१) बमोजिमको आदेश गर्नु अघि जिल्ला अदालतले सम्बन्धित व्यक्तिलाई प्रतिरक्षा गर्नको लागि मुनासिव समय दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको समयभित्र सम्बन्धित व्यक्तिले प्रतिरक्षा नगरेमा वा निजको प्रतिवाद सन्तोषजनक नदेखिएमा जिल्ला अदालतले निजको नयाँ पहिचानसम्बन्धी अभिलेख र प्रमाणपत्र खारेज गरी पुरानो पहिचान पुनर्स्थापना गर्न आदेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जिल्ला अदालतले दिएको आदेश बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीले निज व्यक्तिको नयाँ पहिचानसम्बन्धी अभिलेख र प्रमाणपत्रहरू रद्द गर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित व्यक्तिको पुरानो पहिचान पुनर्स्थापना गर्दा अन्य कुनै व्यक्तिको वैवाहिक, मातृक वा पैतृक हैसियतमा गम्भिर असर पर्ने रहेछ भने निजको पुरानो पहिचान पुनर्स्थापना गरिन आदेश गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको आदेश प्राप्त गरेपछि एक्काइस दिनभित्र सम्बन्धित व्यक्तिले आफूले प्राप्त गरेको नयाँ पहिचानसम्बन्धी सम्पूर्ण कागजपत्रको सक्कल प्रति समिति समक्ष बुझाउनेछ ।

(७) उपदफा (६) बमोजिम बुझाएको कागजात समितिले यथाशीघ्र नष्ट गर्नेछ ।

३९. **<u>नयाँ पहिचान समाप्त गर्न माग गर्न सक्ने</u>**: (१) यस ऐन बमोजिम नयाँ पहिचान पाएको व्यक्तिले नयाँ पहिचान पाउनु भन्दा अगाडिको प्रचलित कानून वा अन्य कुनै करार बमोजिमको निजले थाहा नपाएको कुनै दायित्व पूरा गर्न बाँकी रहेको देखिएमा समितिले निजलाई त्यस्तो दायित्व पूरा गर्न मुनासिव समय दिनेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र निजले दायित्व पूरा नगरेमा वा पूरा गर्न इन्कार गरेमा समितिले निजको नयाँ पहिचान समाप्त गर्न जिल्ला अदालत समक्ष लिखित निवेदन गर्न सक्नेछ ।

(३) जिल्ला अदालतले सम्बन्धित व्यक्तिलाई प्रतिवादको निमित्त तोकिए बमोजिकका समय दिई निजको नयाँ पहिचान समाप्त गर्ने आदेश गर्न सक्नेछ ।

४०. **<u>संरक्षित व्यक्ति दायित्वबाट उम्कन नहुने</u>**: (१) यस ऐन बमोजिम नयाँ पहिचान पाएको व्यक्तिले नयाँ पहिचान पाउनु भन्दा अगाडिको आफ्नो प्रचलित कानुन वा अन्य कुनै करार बमोजिमको दायित्वबाट उम्कन वा प्रचलित कानुनबमोजिम निजमाथि लागेको बन्देजलाई छल्न आफ्नो नयाँ पहिचान प्रयोग गरिरहेको छ भन्ने कुरामा समिति विश्वस्त भएमा समितिले त्यस्तो व्यक्तिलाई तत्काल त्यस्तो कार्य रोक्न आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगरेमा वा पालन नगर्ने कुरामा समिति विश्वस्त भएमा त्यस्तो व्यक्ति विरुद्ध आफ्नो अधिकारको प्रचलनको निमित्त कारवाही चलाएको वा चलाउन लागेको व्यक्तिलाई समितिले मुनासिव ठहऱ्याएको जानकारी दिने वा त्यस्तो दायित्व वा बन्देजको प्रचलनको सुनिश्चितताको निमित्त् मुनासिव कदम चाल्न सक्नेछ ।

४१. **<u>शीघ्र सुनुवाईको व्यवस्था</u>**: कार्यक्रममा समावेश भएको साक्षीसँग अदालतमा सोधपुछ वा जे जे बुझ्नु पर्ने हो अभियोग दायर भएको मितिले तीन महिनाभित्र सो सम्बन्धी कारवाही पूरा गर्नुपर्ने छ ।

४२. **अस्वीकार गर्न नपाउने**: कार्यक्रममा समावेश भएको साक्षीले कार्यक्रमसँग सम्बन्धित कसुरको सम्बन्धमा कानुन कार्यान्वयन निकाय र अदालतमा जानकारी, प्रमाण वा बयान दिन अस्वीकार गर्न पाउने छैन ।

४३. **झुटो प्रमाण दिएकोमा उन्मुक्ति प्राप्त नहुने**: दफा ४२ बमोजिम जानकारी, प्रमाण वा बयान दिन बाध्य भएको आधारले मात्र झुटो गवाही दिएकोमा प्रचलित कानुनबमोजिम हुने सजायबाट कुनै साक्षीलाई उन्मुक्ति प्राप्त भएको मानिने छैन ।

४४. **अभिलेखसम्बन्धी व्यवस्था**: (१) समितिले कार्यक्रमका सम्बन्धमा अभिलेख किताब तयारी गरी अद्यावधिक राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखमा अन्य कुराको अतिरिक्त देहायको कुरा उल्लेख गर्नुपर्नेछ ।

(क) संरक्षित व्यक्तिको नाम, थर र हुलिया,

(ख) संरक्षित व्यक्तिको अभिभावक र अभिभावक नभएको अवस्थामा संरक्षकको नाम, थर र ठेगाना,

(ग) संरक्षित व्यक्तिलाई नयाँ पहिचान दिएको भए सो नयाँ पहिचान,

(घ) संरक्षित व्यक्तिको अस्थायी र स्थायी ठेगाना, पोष्ट बक्स नम्वर, टेलिफोन नम्वर, मोबाइल नम्वर, इमेल ठेगाना,

(ङ) साक्षी कार्यक्रममा समावेश भएको मिति र कार्यक्रम समाप्त हुने मिति,

(च) समिति वा समितिले तोकेको कर्मचारीले दिएको आदेश,

(छ) तोकिए बमोजिमको विवरण ।

(३) यस ऐनबमोजिम नयाँ पहिचान पाएको व्यक्तिको देहायबमोजिम कागजातहरू समितिको नियन्त्रणमा रहनेछन् ।

(क) निजको पुरानो पहिचानसम्बन्धी जन्मदर्ता, परिचय पत्र, विवाह दर्ता र अन्य कागजातको सक्कल प्रति,

(ख) दफा ३१ बमोजिम जारी गरिएको जन्मदर्ता, परिचय पत्र, विवाह दर्ता र नयाँ पहिचान सम्बन्धित कागजातको प्रमाणित एक प्रति,

(ग) दफा ३२ बमोजिम जारी गरिएको अप्रकट प्रमाणपत्र (नन डिस्क्लोजर सर्टिफिकेट) को प्रमाणित एक प्रति ।

४५. **अभिलेखसम्मको पहुँच**: (१) दफा ४४ बमोजिमको अभिलेख गोप्य हुनेछ ।

(२) देहायको व्यक्ति बाहेक अन्य कसैको पनि  दफा ४४ बमोजिमको अभिलेखसम्म पहुँच हुने छैन ।

(क) समितिको अध्यक्ष

(ख) समितिको सदस्य

(ग) समितिले अधिकार दिएको समितिको कर्मचारी

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ४४ बमोजिमको अभिलेख कानुन कार्यान्वयन निकाय, अदालत वा कुनै पनि निकायमा पेश गरिने छैन ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित अदालतको आदेशमा सो अभिलेख अदालतमा पेश गर्न बाधा परेको मानिने छैन र समितिले कुनै कसुरको सिलसिलामा प्रचलित कानुन बमोजिमको अनुसन्धान अधिकारीलाई सो अभिलेख हेर्न अनुमति दिन सक्नेछ ।

(५) संरक्षित व्यक्तिले अभिलेखमा रहेको निजसँग सम्बन्धित कुनै विवरण हेर्न वा सोको नक्कल लिन समिति समक्ष निवेदन दिएकोमा समितले उपयुक्त देखेमा अभिलेख हेर्न वा निजसँग सम्बन्धित विवरणको नक्कल दिन सक्नेछ ।

४६. **प्रकट गर्न नहुने**: (१) समितिमा अध्यक्ष, सदस्य कुनै पनि कर्मचारी लगायत कसैले पनि यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको नाम, कर्तव्य र अधिकार प्रयोग गर्दा थाहा पाएको देहायको कुनै वा सबै कुरा कुनै पनि माध्यमद्वारा प्रत्यक्ष वा परोक्षरूपले अनधिकृत व्यक्तिलाई प्रकट गर्न वा प्रकाशन गराउन हुँदैन ।

(क) संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्ति वा कार्यक्रममा समावेश गर्नको निमित्त बिचार भइरहेको कुनै व्यक्तिको पहिचान,

(ख) निजको बसोबास,

(ग) निजमाथि खतरा उत्पन्न हुन सक्ने अन्य कुनै कुरा ।

(घ) कार्यक्रमको सुरक्षा, विश्वसनीयता वा अखण्डतामा आघात पर्ने कुनै कुरा ।

(२) देहायको कनै व्यक्तिले सक्षम अदालतको आदेश बिना यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम काम, कर्तव्य र अधिकार प्रयोग गर्दा थाहा पाएको यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रकट गर्न नहुने कुनै कुरा वा कागजात कुनै व्यक्ति, कानुन कार्यान्वयन निकाय, अदालत वा कुनै निकाय समक्ष प्रकट गर्न वा पेश गर्न हुँदैन ।

(क) महान्यायधिवक्ता,

(ख) प्रहरी महानिरीक्षक,

(ग) समितिको अध्यक्ष,

(घ) समितिको सदस्य,

(ङ) समितिको कर्मचारी,

(च) कानुन कार्यान्वयन निकायका कर्मचारी,

(छ) अदालतका कर्मचारी,

(ज) यस ऐनबमोजिम नयाँ पहिचानको अभिलेख राख्ने वा सो सम्बन्धी प्रमाणपत्र जारी गर्ने कार्यमा संलग्न कर्मचारी,

(झ) सम्मिलित व्यक्तिलाई कार्यक्रम अन्तर्गत सेवा उपलब्ध गराउने कार्यमा जिम्मेवार रहेको वा खटिने कर्मचारी ।

(ञ) कार्यक्रमको लेखा परीक्षण कार्यमा संलग्न कर्मचारी,

(ट) संसदीय समितिका सदस्य र कर्मचारीहरु,

(ठ) मन्त्रालयका कर्मचारी ।

(ड) कोषका कर्मचारी

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा समितिले त्यस्तो व्यक्तिका सम्बन्धमा कुनै जानकारी प्रकट गर्न सक्नेछ :

(क) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्न,

(ख) सक्षम अदालतको आदेश भएमा,

(ग) त्यस्तो व्यक्तिको सहमतिमा र त्यस्तो व्यक्ति नाबालक वा कानुनी रूपमा असक्षम भएमा निजको अभिभावक वा संरक्षकको सहमतिमा,

(घ) त्यस्तो व्यक्तिले यस अघि नै त्यस्तो जानकारी प्रकट गरी सकेको वा निजले गरेको कुनै कार्यबाट त्यस्तो जानकारी प्रकट भइसकेको देखिएमा,

(ङ) त्यस्तो व्यक्तिको कानुनी अधिकार वा दायित्वको प्रचलनको निमित्त आवश्यक भएमा,

(च) त्यस्तो व्यक्तिको बिरूद्धमा सरकारवादी फौज्दारी कसुर सम्बन्धमा कारवाही शुरू गर्नु परेमा,

(छ) सरकारवादी फौज्दारी कसुरको अनुसन्धानको सिलसिलामा त्यस्तो व्यक्तिसँग महत्त्वपूर्ण जानकारी वा प्रमाण रहेको वा निजले त्यस्तो प्रमाण वा जानकारी उपलब्ध गराउन सक्ने मुनासिव कारण भएमा,

(ज) सार्वजनिक हितको संरक्षणको निमित्त त्यस्तो कुनै जानकारी प्रकट गर्नु आवश्यक भएमा,

(झ) नेपाल सरकार समक्ष कुनै विदेशी राज्यले त्यस्तो व्यक्तिको सम्बधमा कुनै जानकारी उपलव्ध गराउन अनुरोध गरेकोमा नेपाल सरकारले त्यस्तो अनुरोध मुनासिवदेखि प्रकट गर्न समितिलाई आदेश दिएमा,

(ञ) कुनै फौज्दारी कारवाहीको सिलसिलामा त्यस्तो व्यक्तिको निर्दोषिता प्रमाणित गर्नको निमित्त जानकारी प्रकट गर्नुपर्ने भएमा,

(ट) कुनै गम्भीर कसूर हुन नदिन कुनै जानकारी प्रकट गर्नु पर्ने भएमा,

(ठ) व्यवस्थापिका संसदको सम्बन्धित समितिको निर्देशन भएमा,

(ड) अन्य कुनै मुनासिव कारणबाट त्यस्तो जानकारी प्रकट गर्नु आवश्यक परेमा ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको व्यक्तिले देहायको कुरा प्रकट वा प्रकाशन गर्न सक्नेछः

(क) संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्तिले कुनै संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्तिका सम्बन्धमा खतरा उत्पन्न नहुने गरी र कार्यक्रमको सुरक्षा, अखण्डता वा विश्वसनियतामा प्रतिकूल प्रभाव नपर्ने ।

(ख) संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्तिबाट सूचना पाएको कुनै व्यक्तिले कुनै संरक्षित व्यक्ति वा पूर्व संरक्षित व्यक्तिका सम्बन्धमा खतरा उत्पन्न नहुने र कार्यक्रमको सुरक्षा, अखण्डता वा विश्वसनियतामा प्रतिकूल प्रभाव नपर्ने ।

(५) उपदफा (१) को उल्लङ्घन गर्ने गराउने व्यक्तिलाई दस वर्षसम्म कैद हुनेछ ।

(६) उपदफा (२) को खण्ड (ख) र (ग) को अवस्थामा बाहेक अन्य कुनै अवस्थामा कुनै जानकारी प्रकट गर्नुपर्ने भएमा समितिले त्यस्तो व्यक्तिलाई यथाशीघ्र त्यसको सूचना दिनेछ ।

(७) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बिचारमा त्यसरी सूचना दिँदा सार्वजनिक हित वा सरकारवादी फौज्दारी कसुरको अनुसन्धानमा प्रभाव पर्छ भन्ने लागेमा समितिले त्यस्तो व्यक्तिलाई सूचना दिने छैन ।

(८) उपदफा (२) बमोजिम त्यस्तो व्यक्तिका सम्बन्धमा कुनै जानकारी प्रकट गर्दा अनधिकृत व्यक्ति वा निकायलाई प्रकट गर्नु हुँदैन ।

४७. **<u>जानकारी प्रकट गर्दा बिचार पुऱ्याउनु पर्ने कुराहरूः</u>** समितिले दफा ४६ को उपदफा (४) बमोजिम जानकारी प्रकट गर्ने निर्णय गर्दा देहायको कुरालाई बिचार पुऱ्याउने छः

(क) प्रकट गर्नुपर्नाको कारण,

(ख) प्रकट गर्दा त्यस्तो व्यक्तिमाथि आइपर्ने जोखिम र प्रतिकूल परिणाम एवं कार्यक्रमको सुरक्षा वा विश्वसनीयतामा पर्ने प्रभाव,

(ग) प्रकट गरिएको जानकारी प्रकट गर्नुपर्नाको उद्देश्यको लागि मात्र प्रयोग हुने सम्भावनाको सीमा,

(घ) प्रकट गर्नुपर्ने आवश्यकतालाई अन्य कुनै प्रभावकारी माध्यमबाट पूर्ति गर्न सकिने वा नसकिने,

(ङ) त्यस्तो जानकारी प्रकट गर्दा त्यस्तो जानकारीको परिणाम स्वरूप प्रकट गर्न नहुने जानकारी समेत प्रकट हुन सक्ने अवस्था छ छैन र त्यस्तो अवस्थालाई रोक्ने प्रभावकारी उपाय विद्यमान छ छैन ।

४८. **<u>खास व्यक्तिले प्रकट गर्न नहुने</u>**ः (१) खास व्यक्तिले देहायको कुनै वा सबै कुरा प्रत्यक्ष वा परोक्षरूपले कुनै पनि माध्यमबाट अनधिकृत व्यक्तिसँग प्रकट वा प्रकाशन गर्नु गराउन हुँदैन ।

(क) निजलाई कार्यक्रममा समावेश गर्ने सम्बन्धमा कारवाही वा बिचार भइरहेको सिलसिलामा निजले थाहा पाएको कुनै कुरा ।

(ख) निजलाई कार्यक्रममा समावेश गर्ने सम्बन्धमा कारबाही वा विचार भइरहेको वा निजलाई कार्यक्रममा समावेश गरिएको ।

(ग) कार्यक्रम संचालन हुन गरिका सम्बन्धी कुनै जानकारी ।

(घ) कार्यक्रममा संलग्न वा निजलाई सेवा उपलब्ध गराउने कार्यमा संलग्न कुनै व्यक्तिको वारेमा थाहा पाएको कुनै जानकारी

(ङ) निजले सुरक्षा सम्झौतामा हस्ताक्षर गर्ने सिलसिलामा वा हस्ताक्षर गरेपछि थाहा पाएको कुनै कुरा ।

(च) सुरक्षा सम्झौतामा उल्लेखित कुनै कुरा ।

(छ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम समितिले कुनै काम, कर्तव्य र अधिकार प्रयोग गर्दा निजले थाहा पाएको कुनै कुरा ।

**<u>स्पष्टीकरण</u>**ः यस दफाको प्रयोजनको लागि खास व्यक्ति भन्नाले देहायको व्यक्तिलाई जनाउँछ ।

(क) सम्मिलित व्यक्ति,

(ख) पूर्व सम्मिलित व्यक्ति,

(ग) कार्यक्रममा समावेश गर्नको निमित्त कारवाही वा बिचार भइरहेको व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा त्यस्तो कुनै कुरा प्रकट गर्न सकिनेछ ।

(क) समितिको अनुमतिमा

(ख) सक्षम अदालतको आदेशमा

४९. **पुरानो पहिचान प्रकट गर्न नहुने**: (१) यस ऐन अन्तर्गत नयाँ पहिचान पाएको व्यक्तिले देहायको अवस्थामा बाहेक कुनै व्यक्ति, कानुन कार्यान्वयन निकाय, अदालत वा कुनै निकाय समक्ष आफ्नो पुरानो पहिचान प्रकट वा प्रकाशन गर्न गराउन वा सो सम्बन्धी कुनै कागजात पेश गर्न हुँदैन ।

(क) समितिको अनुमति प्राप्त भएमा,

(ख) सक्षम अदालतको आदेशबमोजिम गर्नुपर्ने भएमा, वा

(ग) पुरानो पहिचानको पुर्नस्थापना सम्बन्धी कारवाहीको सिलसिलामा ।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम प्रकट गर्न वा कुनै कागजात पेश गर्नुपर्ने भएमा सम्बन्धित निकाय, अदालत वा पदाधिकारी बाहेक अन्य कसै समक्ष प्रकट गर्न वा पेश गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) को उल्लङ्घन गर्ने गराउने व्यक्तिलाई सात वर्षसम्म कैद हुनेछ ।

## परिच्छेद -६

## साक्षी विरुद्धको कसुर र सजाय

५०. **साक्षी विरूद्धका कसुर**: (१) कसैले पनि घटित, भइरहेको वा हुन लागेको कसुरको सम्बन्धमा सोधपुछ, अनुसन्धान, तहकिकात वा अदालती कारवाहीको सिलसिलामा जानकारी, प्रमाण वा बयान दिने, दिइरहेको, दिने अपेक्षा गरिएको वा दिन मञ्जुर गरेको साक्षीलाई सो नगर्नको निमित्त रोक्ने उद्देश्यले देहायको कुनै कार्य गर्ने वा गर्न लगाउने छैनः

(क) बाधा अवरोध पुऱ्याउने,

(ख) हैरानी गर्ने,

(ग) साक्षी वा निजको परिवारको जीवन वा स्वतन्त्रताको विरूद्धको डर, त्रास, धम्की दिने,

(घ) ललाइ फकाइ गर्ने वा कुनै प्रलोभन दिने,

(ङ) कुनै चल अचल सम्पत्ति दिने ।

(२) कसैले पनि साक्षीले अनुसन्धान अधिकारी समक्ष स्वेच्छाले दिएको बयान प्रतिकूल हुने कसूरलाई लुकाउने वा कसूरदारलाई बचाउने हेतुले गरी अदालत समक्ष बकपत गर्नको निमित्त साक्षीलाई देहायको कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(क) जाल वा परिपञ्च गर्ने,

(ख) साक्षी वा निजको परिवारको जीवन वा स्वतन्त्रताको बिरूद्धमा डर, त्रास, धम्की दिने,

(ग) हैरानी गर्ने,

(घ) ललाइ फकाइ गर्ने वा प्रलोभन दिने,

(ङ) चल अचल सम्पत्ति दिने ।

(३) कसैले पनि कार्यक्रम अन्तर्गतको प्राप्त सेवा उपभोग गर्नमा साक्षीलाई बाधा अवरोध पुऱ्याउने, हैरानी गर्ने, जानाजान वा लापरवाहीपूर्वक ढिलाइ गर्ने वा न्यून गुणस्तरको सेवा दिने कार्य गर्नु गराउनु हुँदैन ।

(४) उपदफा (१) विपरीत कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) उपदफा (२) विपरीत कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा दस हजार हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (३) विपरीत कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५१. **शुरू कारवाही र किनारा गर्ने अधिकार**: यस परिच्छेद अन्तर्गतको कसुरमा शुरू कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

५२. **नेपाल सरकारवादी हुने**: यस परिच्छेद अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारवादी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्र परेको मानिनेछ ।

५३. **अन्य प्रचलित कानुनबमोजिम मुद्दा चलाउने सकिने**: यस परिच्छेद अन्तर्गत सजाय हुने कसुरमा प्रचलित अन्य कानुनबमोजिम समेत सजाय हुने रहेछ भने सो बमोजिम कारवाही चलाउन र सजाय गर्न सकिनेछ ।

## परिच्छेद — ७
## विविध

५४. **सजाय नहुनेः** यस ऐन अन्तर्गत नयाँ पहिचान पाएको व्यक्तिले यस ऐनमा अन्यथा लेखिएको अवस्थामा बाहेक निजको नयाँ पहिचानलाई आफ्नो वास्तविक वा एक मात्र पहिचान भनी कुनै अदालत वा कानुन कार्यान्यन निकायमा व्यक्त गरेको वा दावी गरेको आधारमा निजमाथि कुनै सजाय गरिने छैन ।

५५. **साक्षीलाई कारवाही नहुनेः** (१) झुटो व्यक्त गरेको वा निज बिरूद्ध अभियोग लागेको अवस्थामा बाहेक यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि अदालत वा कानुन कार्यान्वयन निकायलाई सहयोग पुऱ्याउने वा कुनै जानकारी प्रकट गर्ने साक्षी बिरूद्ध कुनै कारवाही वा सजाय गरिने छैन ।

(२) अदालत वा कानुन कार्यान्वयन निकायलाई सहयोग पुऱ्याउने वा कुनै जानकारी प्रकट गर्ने साक्षीको पहिचान खुलाउने गरी कुनै व्यक्तिले कुनै जानकारी दिने छैन ।

(३) उपदफा (२) को उल्लङ्घन गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद सजाय हुनेछ ।

(४) उपदफा (१) बमोजिम अदालत वा कानुन कार्यान्वयन निकायलाई सघाउने वा कुनै जानकारी उपलब्ध गराउने व्यक्तिको पहिचानको सुरक्षाको निमित्त निजको पहिचान खुल्ने कागजात सम्बन्धित न्यायाधीश बाहेक अरू कसैले हेर्न नपाउने गरी अदालतले गोप्य राख्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो गोप्य राख्ने कार्यले न्यायको रोहमा प्रतिकूल असर पर्छ भन्ने अदालतलाई लागेमा गोप्य राख्ने आदेश गर्ने छैन ।

५६. **संरक्षित व्यक्तिको अधिकार र दायित्व प्रचलनः** (१) संरक्षित व्यक्तिको प्रचलित कानुन बमोजिमको अधिकार वा दायित्व प्रचलनको निमित्त अदालत वा कुनै निकायमा उपस्थित हुनुपर्ने वा कुनै कारवाही चलाउनु पर्ने रहेछ भने समितिले संरक्षित व्यक्तिलाई सम्भव भएसम्म मुनासिव सहयोग गर्नेछ ।

(२) संरक्षित व्यक्ति बिरूद्ध कुनै व्यक्तिले आफ्नो अधिकार प्रचलनको निमित्त चलाएको कानुनी कारवाहीका सम्बन्धमा संरक्षित व्यक्तिले सो प्रक्रियामा सम्बन्धित निकायको आदेशानुसार गर्नुपर्ने कार्य गर्न समितिले संरक्षित व्यक्तिलाई मुनासिव सहयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सहयोग पुऱ्याउन समितिले संरक्षित व्यक्तिलाई कानुन कार्यान्वयन निकाय, अदालत वा अन्य कुनै निकायमा उपस्थित हुन, कानुन बमोजिमको प्रतिनिधि नियुक्त गरी खटाउन, कारवाहीको सिलसिलामा सहभागी हुन वा अन्य कुनै मुनासिव कार्यको निमित्त समितिले उपयुक्त ठहऱ्याएको तरिका अनुसार मद्दत गर्नेछ ।

५७. **उपस्थित हुन मुनासिव सहयोग गर्नुपर्ने**: यस ऐनब मोजिमको संरक्षित व्यक्तिले कार्यक्रममा समावेश हुनु अघि गरेको कुनै फौज्दारी कसुरका सम्बन्धमा कानुन कार्यान्वयन निकाय र अदालतमा उपस्थित हुनु पर्दा समितिले मुनासिव सहयोग गर्नुपर्नेछ ।

५८. **सूचना दिनुपर्ने**: यस ऐनबमोजिमको संरक्षित व्यक्तिले कार्यक्रममा समावेश भई सकेपछि कुनै फौज्दारी कसुर गरेमा समितिले त्यसको सूचना यथाशीघ्र जिल्ला प्रशासन कार्यालयमा दिनेछ ।

५९. **वास्तविक नामबाट सहभागी हुने**: यस ऐनबमोजिम नयाँ पहिचानको अनुमति पाएको संरक्षित व्यक्तिले नयाँ पहिचान पाउनु अघि गरेको कुनै फौज्दारी कसुरका सम्बन्धमा हुने सोधपुछ, अनुसन्धान, तहकिकात र अदालती कारवाहीका सिलसिलामा आफ्नो वास्तविक नामबाट सहभागी हुनु पर्नेछ ।

६०. **समितिलाई सहयोग पुऱ्याउने**: यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम कुनै काम, कर्तव्य र अधिकार प्रयोग गर्दा समितिलाई सहयोग पुऱ्याउनु कानुनी कार्यान्वयन निकाय, सरकारी निकाय र सार्वजनिक निकायको कर्तव्य हुनेछ ।

६१. **समिति मार्फत म्याद जारी हुने**: यस ऐनबमोजिम कार्यक्रममा समावेश भएको व्यक्तिले कार्यक्रममा समावेश हनु अघि भएको कुनै फौज्दारी कसुरका सम्बन्धमा कानुन कार्यान्वयन

निकाय र अदालतमा उपस्थित हुनु पर्दा सम्बन्धित निकायले त्यस्तो व्यक्तिलाई समिति मार्फत म्याद जारी गर्नेछ ।

६२. **कोष र बजेट विनियोजन**ः (१) यस ऐनलाई कार्यान्वयन गर्न आवश्यक पर्ने रकमको व्यवस्था गर्न नेपाल सरकारले एक कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको निमित्त व्यस्थापिका-संसदले बजेटको छुट्टै शीर्षक अन्तर्गत रकम बिनियोजन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम कार्यक्रममा वाहेक अन्य कुनै शीर्षकमा रकमान्तर गर्न पाइने छैन ।

(४) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राखिनेछ ।

(५) कोषको आय व्ययको वार्षिक लेखापरीक्षण प्रचलित कानुन अनुसार महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(६) कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

।

६३. **समितिको निर्णय अन्तिम हुने**ः यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

६४. **वार्षिक प्रतिवेदन**ः (१) प्रत्येक वर्ष समितिले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदनको एकप्रति मन्त्रालयले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षक समक्ष पठाउनेछ ।

६५. **असल नियतले काम गरेकोमा बचाउ**ः समितिको अध्यक्ष, सदस्य, कर्मचारी वा अन्य कुनै व्यक्तिले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको कुनै काम कारवाहीको सम्बन्धमा अदालतमा मुद्दा चलाइने छैन ।

६६. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयनको निमित्त नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।